# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।११।३० गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सल्यान, शारदा नगरपालिका वडा नं. ३ मा मृत्यु भैसकेको मानिसको नाममा बृद्धभत्ता वितरण गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **जिल्ला सल्यान, शारदा नगरपालिका वडा नं. ३ का तत्कालीन वडा अध्यक्ष टोप बहादुर थापाले** अस्तित्वमा नभएको व्यक्तिको नामको आ.व. २०७४/७५, आ.व.२०७५/७६ को प्रथम, दोस्रो र तेस्रो किस्ता र आ.व. २०७६/७७ को प्रथम किस्ताको पहिलो महिनासम्मको गरी रु.५१,०००।- (एकाउन्न हजार रुपैयाँ) सामाजिक सुरक्षा भत्ता आफ्नो आमा नाता जनाई बुझिलिई सरकारी रकम हिनामिना गरेको पुष्टि भएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे